कानून दिवश, २०७४ को उपलक्ष्यमा सम्माननीय प्रधानन्यायाधीश श्री सुशीला कार्कीद्वारा दिनुभएको

# शुभकामना

कानूनको शासन एवं स्वतन्त्र न्यायपालिका स्थापनाको लागि जारी भएको प्रधान न्यायलय ऐन,२००८ लागू भएको दिनको सम्झना स्वरुप मनाउने गरिएको कानून दिवशको उपलक्ष्यमा सम्बन्धित सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

न्याय र कानूनकर्मीहरुको विशेष दिनको रुपमा रहेको यस दिवशले सम्बन्धित सबैमा कानून प्रतिको निष्ठा, संविधानप्रतिको वफादारिता एवं राष्ट्रसेवामा जुट्ने प्रेरणा प्रदान गरेको छ । नागरिकका संवैधानिक एवं कानूनी हक अधिकारको सच्चा पहरेदारको रुपमा रहेको स्वतन्त्र न्यायपालिकाको स्थापनाको आधारस्तम्भ खडा गर्न सफल यस दिनलाई आजपर्यन्त उत्तिकै महत्वका साथ हेर्ने गरिएको छ । आजको यस दिनमा संवैधानिक सर्वोच्चता, कानूनको शासन, स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यता जगेर्ना गर्ने दिशामा सम्बन्धित सबैको यथोचित प्रयास हुने अपेक्षा गरेकी छु ।

धन्यवाद ।

२०७४।१।२६